पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## आदिवासी दिवस र जनजाति आन्दोलन

नेपाल सहित विश्वभर आदिवासी दिवस मनाइएको छ । यो दिवस संयुक्त राष्ट्र संघको आह्वानमा विश्वभरिका आदिवासी जनजातिहरूले सन् १९९५ देखि जनजाति अधिकारका लागि महान् अन्तर्राष्ट्रिय पर्वको रुपमा मनाउँदै आइरहेका छन् । यो हरेक वर्षको अगष्ट ९ मा मनाउने गरिन्छ । यो दिवस मनाउनुको मुख्य उद्देश्य विश्व भूमण्डलीकरण, आधुनिकीकरण, निजीकरण, बजारमुखी उत्पादन प्रणाली, वातावरणीय ह्रासबाट विश्वभरिका आदिवासी जनजातिहरूका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र भौतिक जीवनमा परेका प्रतिकूल असरबाट उनीहरूलाई बचाउनु, उनीहरूको विकास गर्नु र अधिकार तथा भाषा संस्कृतिको संरक्षण/संवर्द्धन गर्नु हो । नेपालका आदिवासी जनजातिहरूले यो दिवसलाई आदिवासी जनजातिहरूको अधिकारमुखी आन्दोलनको रुपमा मनाउँदै आएका छन् । यस वर्ष बुधबार पनि नेपालमा विभिन्न कार्यक्रम गरी दिवस मनाईएको छ । आदिवासी जनजाति आन्दोलन पहिचान, अधिकार र पहुँचको आन्दोलन हो । जागरण र कर्तव्यको आन्दोलन पनि हो यो । अधिकार र पहुँच प्राप्तिका लागि राज्यसत्तामा दबाब सिर्जना गर्नुपर्दा तल्लो तप्कासम्म चेतना र क्षमता विकास गर्नुपर्छ । यस्तो दबाबमूलक आन्दोलन राजनीतिक प्रकृतिको हुन्छ भने जागरण र कर्तव्यको आन्दोलन सामाजिक आन्दोलन हो । आदिवासी जनजाति आन्दोलन राजनीतिक र सामाजिक आन्दोलनको सम्मिश्रण हो, तर अहिले कुहिरोमा रुमल्लिएको काग जस्तै भएको छ ।

पछिल्लो समय नेपालमा जनजाति आन्दोलन कमजोर हुँदै गएको छ । जनजाति आन्दोलनले प्राप्त गरेका धेरैजसो उपलब्धि अहिले कानुनी दस्तावेज र सम्झौतापत्रमा मात्रै सीमित भएका छन्, कार्यान्वयन भएका छैनन् । संवैधानिक प्रावधानका रुपमा कुनै पनि जातजाति, समुदाय, वर्गलाई भेदभाव गर्नु कानुनी अपराध भनिएको छ, तर पनि सामाजिकरुपमा आदिवासी जनजातिहरुप्रति समान व्यवहार हुन सकेको पाइदैन् । उत्पीडित आदिवासी जनजातिहरू विश्वभरि जहाँ भएपनि उनीहरू शोषित पीडित हुनु र उनीहरूको समस्या एउटै प्रकृतिको छ । त्यसकारण आफ्नो हकअधिकार र मुक्तिका लागि विश्वभरिका उत्पीडित आदिवासी जनजातिहरू आफैले कठोर संघर्ष गर्नु पर्दछ तर, यस्तो संघर्ष जनजाति एक्लैले मात्र गरेर सफल हुँदैन । त्यसका लागि आफूहरूजस्तै उत्पीडनमा परेका अन्य वर्ग र समुदायसँग पनि एकता गर्न जरुरी छ ।

### Opinion @ Social Network

सकेसम्म कसैले कसैको जज नगर्नु होला किनकी
तिमीले देखिरहेको जिन्दगी र उस्ले भोगिरहेको जिन्दगीमा धेरै फरक हुन सक्छ ।
(अनिता थापा मगरको फेसबुक स्टाटस https://www.facebook.com/anitathapa.magar.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषि क्षेत्रको बेवास्ताले अर्थतन्त्र सुधार्न सकिन्न



**भेषराज पोखरेल**

*कृषिमा बजेट धेरै छुट्यायौँ भनेर भाषण गर्ने तर जहाँबाट कृषकलाई गुणस्तरीय सेवा दिइँदै आएको छ, जहाँ केही रुपमा भए पनि अनुसन्धान गरिन्छ त्यस्ता संस्थामा सरकारले पर्याप्त बजेट नपठाएर बन्द गर्नुपर्ने अवस्था सिर्जना गर्नु कृषि तथा पशुपंछी मन्त्रालयको असफलता हो । कृषि तथा पशुपंछी मन्त्री वेदुराम भुसालले त्यो विषयलाई गम्भीर रुपमा लिनुको साटो कहाँ बन्द भएको रहेछ, बन्द गर्ने कर्मचारीलाई कारबाही गरिने छ भने । यो दुःखद कुरा हो । अघिल्ला दुई सरकारले त कृषिका लागि आवश्यक रासायनिक मल आयात गरेर कृषकलाई आवश्यक समयमा दिन सकेनन् । यो सरकारले भारतबाट जीटूजी माध्यमबाट आयात गरिएको रासायनिक मल गोदाममा प्रशस्त भएको बताएको छ । तर कृषकले अझै पनि चाहिएको मात्रामा मल नपाएको बताइरहेका छन् । कृषि मन्त्रीले कृषकले मल नपाएका समाचार आउँदा मल गोदाममा प्रशस्त रहेको छ तर वितरणमा केही कमी भएको भए हेरिने बताएर मन्त्रालयको कमजोरीलाई ढाक्ने प्रयास गरे । अहिले सिंचाइका ठूला आयोजना सम्पन्न भएका छैनन् भने साना आयोजना पनि व्यापक रुपमा अघि बढाइएको छैन । जसले गर्दा अहिले देशभरको धान रोपाइँ १५ प्रतिशत कम हुने आँकलन गरिएको छ । मध्यतराई क्षेत्रमै २५ प्रतिशतसम्म कम्ती रोपाइँ हुने अनुमान गरिएको छ । सरकारले ठूला आयोजनाहरु सिक्टा सिँचाइ, रानी, जमरा, कुलरिया, कमला–मरिन डाइभर्सन, भेरी–बबई जस्ता सिँचाइका आयोजना समयमै सम्पन्न गर्न ध्यान केन्द्रित गर्नु आवश्यक छ ।*

नेपालमा छिटो छिटो फेरिने सरकारहरुले कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर योजना बनाइरहे । तर तिनै सरकारले कृषिका योजना कार्यान्वयन नगरेर उपलब्धि भने शून्य बनाउँदै आएका छन् । न कुन क्षेत्रमा कुन खेती गर्न सकिन्छ भनेर लागेको देखिन्छ, न ती क्षेत्रका कृषकलाई प्रोत्साहन गरेको देखिन्छ, न कृषकलाई आवश्यक पर्ने मल, बीउजस्ता वस्तु समयमा उपलब्ध गराउन सकेका छन् । त्यतिमात्र होइन कृषकलाई दुःख पर्दासमेत तीनै तहका सरकारले बेवास्ता गर्दै आएका छन् । अहिलेको सरकारको अवस्था पनि त्यस्तै छ । केही समययता पशुहरुमा लाग्ने लम्पीस्किनले देशभरका कृषकले पालेका पशुहरु डरलाग्दो गरी पीडित भए । सो रोगका कारण ठूलो मात्रामा पशुहरु मरे । सरकारले त्यसको रोकथामका लागि तत्काल दह्रो कदम चालेन । यसबाट कृषकले ठूलो आर्थिक क्षति व्यहोरे । हुन त सरकारले कृषकलाई खेती गर्ने बेलामा रासायनिक मल दिन नसकेको त केही वर्ष भयो । केही सहुलियत देला तर कृषकले किनेर लिने मलको आपूर्ति गर्न नसक्ने सरकारले कृषिको विकास गर्ने कुरा कल्पना जस्तो बन्न गएको छ ।

विशेष खेतीको पहिचान गर्ने, कृषकका समस्या समाधान गर्ने कुरा त परै जावस् कृषकले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुर्याउने काम पनि गर्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा नेपाल आत्मनिर्भर बन्न कठिन छ । पशुचौपायाहरुको छालामा लाग्ने लम्पी स्किन भन्ने सरुवा रोग देशभर फैलियो । ११ लाखको हाराहारीमा पशु संक्रमित भए । त्यसमध्ये करिब ५१ हजार पशु मरे । मर्नेमा गाई, गोरु, राँगा, भैंसी, बाच्छाबाच्छी, पाडापाडी सराबर रहे । सरकारले पशुधनमा यति ठूलो क्षति पुग्दा गम्भीर रुपमा लिएर नियन्त्रणको कदम चाल्न सकेन । अझ अचम्मको कुरा संसदमा पनि यसमाथि गम्भीर छलफल हुन सकेन । राष्ट्रिय स्वतन्त्र पार्टीले संसदमा दर्ता गराएको विशेष ध्यानाकर्षणको प्रस्तावमा पनि कुनै छलफल भएन । लम्पी स्किनबाट पशुलाई बचाउन खोपको उपलब्धता र पहुँच भएको भए धेरै ठूलो क्षतिलाई कम गर्न सकिन्थ्यो । हुन त पछिल्लो समय पशु सेवा तथा अनुसन्धान केन्द्र बजेटको अभावमा बन्द हुन गएको समाचार सार्वजनिक भयो । कृषिमा बजेट धेरै छुट्यायौं भनेर भाषण गर्ने तर जहाँबाट कृषकलाई गुणस्तरीय सेवा दिइँदै आएको छ, जहाँ केही रुपमा भए पनि अनुसन्धान गरिन्छ त्यस्ता संस्थामा सरकारले पर्याप्त बजेट नपठाएर बन्द गर्नुपर्ने अवस्था सिर्जना गर्नु कृषि तथा पशुपंछी मन्त्रालयको असफलता हो । कृषि तथा पशुपंछी मन्त्री वेदुराम भुसालले त्यो विषयलाई गम्भीर रुपमा लिनुको साटो कहाँ बन्द भएको रहेछ, बन्द गर्ने कर्मचारीलाई कारबाही गरिने छ भने । यो दुःखद कुरा हो । अघिल्ला दुई सरकारले त कृषिका लागि आवश्यक रासायनिक मल आयात गरेर कृषकलाई आवश्यक समयमा दिन सकेनन् । यो सरकारले भारतबाट जीटूजी माध्यमबाट आयात गरिएको रासायनिक मल गोदाममा प्रशस्त भएको बताएको छ । तर कृषकले अझै पनि चाहिएको मात्रामा मल नपाएको बताइरहेका छन् । कृषि मन्त्रीले कृषकले मल नपाएका समाचार आउँदा मल गोदाममा प्रशस्त रहेको छ तर वितरणमा केही कमी भएको भए हेरिने बताएर मन्त्रालयको कमजोरीलाई ढाक्ने प्रयास गरे ।

अहिले सिंचाइका ठूला आयोजना सम्पन्न भएका छैनन् भने साना आयोजना पनि व्यापक रुपमा अघि बढाइएको छैन । जसले गर्दा अहिले देशभरको धान रोपाइँ १५ प्रतिशत कम हुने आँकलन गरिएको छ । मध्यतराई क्षेत्रमै २५ प्रतिशतसम्म कम्ती रोपाइँ हुने अनुमान गरिएको छ । सरकारले ठूला आयोजनाहरु सिक्टा सिँचाइ, रानी, जमरा, कुलरिया, कमला-मरिन डाइभर्सन, भेरी-बबई जस्ता सिँचाइका आयोजना समयमै सम्पन्न गर्न ध्यान केन्द्रित गर्नु आवश्यक छ । यी योजना सम्पन्न गर्दै गर्दा तराईका सिँचाइविहीन क्षेत्रमा बोरिंग, टुबवेलजस्ता साना सिँचाइका कार्यक्रम बजेटमा मात्रै सीमित नगरी कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ । यसो नगरेमा तराईका सिँचाइविहीन क्षेत्रमा मौसमकै भर पर्नुपर्ने निश्चित छ । नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि भए पनि केही वर्षयता ठूलो मात्रामा खाद्यान्न आयात गर्दै आएको छ । चामल मुख्य खाद्यान्न हो नै पछिल्लो समय अन्य स्थानीय खाद्यबाली सर्वसाधारणले खेती गर्न छाड्दै जाने र चामलमा निर्भर बन्दै जाने तथा कृषकहरु कृषिबाट पलायन हुँदै जाँदा यसको आयात बढ्दै गएको छ ।

पछिल्लो समय भारतले वासमती बाहेकका अन्य सबै खालका सेतो चामलको निर्यात बन्द गर्ने घोषणा गरेको छ । यसको प्रभाव अहिले नै खाद्यान्नमा परेको छ । भएको पुरानै चालको भाउ बढाइएको छ । भारतको घोषणापहिले नै आयात गरेको चामल पनि व्यापारीहरुले महँगो मूल्यमा बेचिरहेका छन् । सरकारले मूल्य नियन्त्रण गर्न भन्दै १० लाख टन धान र १ लाख टन चामल आयात गर्ने बताएको छ । वाणिज्य विभागले खाद्यान्नमा ४ देखि १३ प्रतिशतसम्म मूल्यवृद्धि भएको जनाएको छ । बर्सेनि नेपालमा लगभग आधा खर्बको धान, चामल र धानको बीउ आयात हुँदै आएको छ । कृषिलाई जति महत्व दिएको भनिए पनि धानको उत्पादन बढाउन मल, बीउ, कृषि उपकरण तथा सिँचाइको व्यवस्था हुन नसक्दा देशले धानको उत्पादन बढाउन सकेको छैन । जसले गर्दा बर्सेनि धान, चामलको आयात कम हुनुको साटो बढ्दै गएको तथ्यांकले देखाइरहेका छन् । नेपालले धान खेती मात्रै व्यवस्थापन गर्न नसकेको होइन नगदे बालीका रुपमा लिइने उखुको खेती बढाउन सकेको छैन । उखु कृषकका समस्यामा सरकारले ध्यान नदिँदा कृषकहरुले खेती गर्नै छाड्न थालेका छन् । जबकि बर्सेनि ठूलो मात्रामा चिनी आयात हुँदै आएको छ । अत्यन्तै सम्भावना भएको चिया खेतीको पनि व्यवस्थापनमा सरकार चुकेको छ । न साना किसानलाई चिया खेतीमा प्रोत्साहन गर्न सकेको छ न यसको बजार खोज्न सकेको छ ।

समय समयमा हुने भारतीय अवरोधका कारण चिया उद्योगी मारमा परिरहने अवस्था छ । अन्य फलफूल तथा कृषि उपजको अवस्था पनि त्यस्तै छ । सरकारले आफूले बनाएका योजनाहरु लागू मात्रै गरे पनि कृषिमा सुधार हुन समय लाग्ने थिएन । पशुमा लागेको लम्पी स्किनको अवस्था, मल आपूर्तिको अवस्था तथा अन्य कृषि उपजको अवस्थाले सरकारको भूमिका कमजोर देखाउँछ । सरकारले कृषि ज्ञान केन्द्रदेखि अन्य प्राविधिकहरुलाई सक्रिय बनाएर कृषकलाई सहयोग गर्न सक्नुपर्छ । अहिले नागरिकको खेतीतिरको आकर्षण घटिरहेका बेला सरकारले कृषकका दुःख नदेख्ने हो भने यसबाट अझ ठूलो पलायन हुने निश्चित छ ।

*-हाम्राकुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**वृष** : आर्थिक संकटले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनसक्छ ।

**मिथुन** : काममा अपेक्षाकृत सफलता हात पर्नेछ । काम गर्ने जोशजाँगर बढ्नेछ ।

**कर्कट** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । आर्थिक लाभ पनि रहनेछ।

**सिंह** : शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । अतिथिको आगमन हुनेछ।

**कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ । आत्मबल बढाएर काम गरे सफल भइनेछ।

**तुला** : व्यक्तिगत कार्यमा सफलता मिल्नेछ। चिन्ता हटेर मन हलुका हुनेछ ।

**वृश्चिक** : आँटेको र ताकेको कार्य पुरा होला । समस्या सुल्झाउन पनि सकिनेछ।

**धनु** : नयाँ कार्यको योजना बन्ने छ । नजिकको व्यक्तिबाट काम सफल हुनेछ।

**मकर** : समय मध्यम खालको रहेको छ। कार्यबाट मन सन्तुष्ट नहुनसक्छ ।

**कुम्भ** : लाभदायक र खुसीको यात्रा हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**मीन** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला ।




निबन्ध — कमल रिजाल

# आकाश महिमा



साधन र स्रोतको कुरा गर्दा यी छुट्टै हुन् कि जस्तो लाग्छ तर त्यो रूमा मात्र हो सारमा होइन । सारमा त यही हो कि साधन र स्रोत एउटै हो । साधनभित्रै स्रोत पनि हुन्छ, स्रोतभित्र साधन पनि । उदाहरणका लागि आकाशलाई नै लिन सकिन्छ । यसो त हामीले आकाश देखेका छैनौँ । हामीले माथितिर फर्केर हेर्दा जुन निलो तह वा घेरा देखेका हुन्छौँ त्यसैलाई आकाश भन्ने गरेका छौँ तर वास्तवमा त्यही नै आकाश भने होइन । किनकि जसलाई हमीले आकाश भनेका छौँ वा थियौँ त्यहाँ गएर हेर्ने हो भने त्यस्तो नीलो तह वा घेरा त्यसभन्दा एक तह माथि पुगिसकेको हुन्छ । यसैबाट प्रष्ट हुन्छ कि हामीले आकाश देखेकै छैनौँ । देखेजस्तो लागेको मात्र हो हो । यसको अर्थ यो होइन कि आकाश छँदैछैन । छ, जबरदस्त छ । सर्वत्र छ, सर्वव्यापक छ । सबैसँग छ, सबैको माथि छ । यो बिना कसैको पनि अस्तित्व सम्भव नै हुँदैन । जहाँ वस्तु हुन्छ त्यहाँ आकाश भएकै हुन्छ ।

*गाई, गोरु, भैँसी, चरा, मुसा, जीवजन्तु, घर, वनस्पति लगायत स्थावर, जङ्गम सबैको एक एक आकाश हुन्छ । सबैले एकएक आकाशलाई बोकेर हिडेका हुन्छन् । तपाईलाई तपाई हुनमा पनि आकाश चाहिएको छ । मलाई म हुनमा पनि आकाश चाहिएको छ । किनकि ऊ बिना तपाई हामी हुनै सक्दैनौँ । तपाईलाई आफू हुन पनि आकाश चाहियो, मलाई आफू भएको प्रमाण दिन पनि आकाश चाहियो । यसको अर्थ हो तपाईलाई आफू हुन र आफू भएको प्रमाण दिन ऊ साधन भयो किनकि उसले तपाई लाई तपाई भएको प्रमाणित गरिदियो । अब भन्नुस् आकाशको स्रोत चाहिँ के होला त ? उत्तर सहज छ आकाशको स्रोत आकाश नै हो । आकाशबाटै आउँछ, आफ्नो करामत देखाउँछ अनि आकाशमै पुगेर बिलाउँछ ।*

तपाईको आकाश छ, मेरो आकाश छ, अरूको आकाश छ । गाई, गोरु, भैँसी, चरा, मुसा, जीवजन्तु, घर, वनस्पति लगायत स्थावर, जङ्गम सबैको एक एक आकाश हुन्छ । सबैले एकएक आकाशलाई बोकेर हिडेका हुन्छन् । तपाईलाई तपाई हुनमा पनि आकाश चाहिएको छ । मलाई म हुनमा पनि आकाश चाहिएको छ । किनकि ऊ बिना तपाई हामी हुनै सक्दैनौँ । तपाईलाई आफू हुन पनि आकाश चाहियो, मलाई आफू भएको प्रमाण दिन पनि आकाश चाहियो । यसको अर्थ हो तपाईलाई आफू हुन र आफू भएको प्रमाण दिन ऊ साधन भयो किनकि उसले तपाई लाई तपाई भएको प्रमाणित गरिदियो । अब भन्नुस् आकाशको स्रोत चाहिँ के होला त ? उत्तर सहज छ आकाशको स्रोत आकाश नै हो । आकाशबाटै आउँछ, आफ्नो करामत देखाउँछ अनि आकाशमै पुगेर बिलाउँछ । आउनुस् यसलाई पनि केही उदाहरणबाट बुझ्ने प्रयास गरौँ ।

मानिलिनुस् तपाई ले घर बनाउनुभयो । सबैलाई बस्न घर चाहिन्छ । घर नभई कोही पनि बस्न सक्दैन । मानिसलाई घर चाहिन्छ, गाईवस्तुलाई गोठ चाहिन्छ, चराचुरुङ्गीलाई गुँड चाहिन्छ । जे होस् तपाई लाई घर चाहियो, अनेक कष्ट गरेर, ऋणधन गरेर, खाइनखाइ घर बनाउनुभयो तर घर त्यसै बनेन । उसलाई घर भएको प्रमाणित गर्न आकाश चाहियो । चाहिएको के थियो ऊ आफैँ आएर घर भएको, घर बनेको प्रमाण गरिदियो । जबतक घर रह्यो ऊ घरकै माथि बसिदियो । छतको माथि बस्यो, सिलिङ्गो माथि बस्यो, गारोको माथि बस्यो, खाँबो, बलोको माथि बस्यो । जब घर भत्कियो ऊ आफैँ महाकाशमा पुगेर एकाकार भयो । सिलिङ्गो आकाश, छतको आकाश, धुरीको आकाश, खाँबो, बलोको आकाश सबै एउटै आकाशमा विलय हुन पुग्यो । जतिबेला चाहिएको थियो आकाशबाटै आयो जतिबेला सकियो आकाशमै बस्न पुग्यो । तपाईको अवस्था पनि त्यस्तै हो । जतिबेला तपाई लाई तपाई भएको प्रमाण दिन आकाशको आवश्यकता परेको थियो आकाशबाटै आयो । काम सकियो आकाशमै पुगेर हरायो । यसलाई यसरी पनि बुझ्न सक्नुहुन्छ ।


मानिलिनुस् तपाईको जन्म भयो तर यसको प्रमाण दिन आकाशको आवश्यकता पर्‍यो । आकाश बिना तपाई पहिले त हुनै सक्नुहुन्न । किनभने तपाई हुनासाथ तपाई भित्र शब्द पनि हुनुपर्छ, जुन शब्दले तपाई रुनुहुन्छ, कराउनुहुन्छ, बोल्नुहुन्छ, चाहिएको चीज माग्नुहुन्छ । शब्द नभएको भए यो सम्भव नै हुने थिएन थिएन । हो यहाँ तपाई ले जुन शब्द प्रयोग गर्नुभएको छ त्यसको आधार आकाश नै हो । आकाशबाटै यो आउँछ र काम फत्ते गर्नुहुन्छ । काम फत्ते के गर्नुभएको थियो ऊ आकाशमै पुगेर विलायो । दोस्रो कुरो कदाचित मानौँ आकाश विना पनि बोल्न सम्भव भए छ रे तर तपाई हुनुभएको अस्तित्व सिद्ध गर्न भने तपाई लाई आकाश नभई हुन्न । जब तपाई जन्मनुहुन्छ तत्कालै आकाशले आएर आवरण दिन्छ । यसैबाट तपाई हुनुभएको अस्तित्व सिद्ध हुन्छ तर जति बेला तपाई ले संसारबाट विदा लिने अवसर आउँछ त्यतिबेला भने तपाई ले बोक्नुभएको, तपाईको अस्तित्व सिद्ध गर्न आएको आकाश आफ्नै मूलरूपमा अर्थात् महाकाशमा विलय हुन पुग्छ । रुख, बिरुवा बनस्पतिको अवस्था पनि त्यस्तै हो । जब उनीहरूलाई आफ्नो अस्तित्व सिद्ध गर्नुपर्ने अवस्था आयो तब आकाश आएर टुप्पोमा बसिदियो । जब उनीहरू मर्छन् तब उसको टुप्पोमा रहेको आकाश पनि उही महाकाशमै समाधिस्थ हुन पुग्छ । एवंरीतले हरेक अवस्थामा, हरेक, चीजमा, हरेक वस्तुमा यही नियमले काम गरेको हुन्छ । कतिपय दार्शनिकले घटाकाशको कुरा पनि गरेका छन् । जब घडा भयो तब आकाश भयो, जब घडामा पानी भयो फेरि पनि आकाश भयो । आकाश बिना न घडाको अस्तित्व सिद्ध हुन्छ न घडाभित्रको पानीको नै । जहाँ पानी हुन्छ त्यहाँ आकाश भएकै हुन्छ । कदाचित यस्तो हुँदैन थियो भने पानीले पानी हुनुको प्रमाण पनि दिन सक्दैन थियो । जब घडा फुट्यो, घडाको पानी पोखियो तत्कालै आकाश पनि हरायो । हरायो भन्नुको अर्थ उसभित्रको चाहिँ हरायो । यो भनेको उसकै मूलरूपमा समाधिस्थ भयो । यी केही उदाहरण हुन् । खोज्दै जानुभयो भने हरेक कुरामा यही नियमले काम गरेको पाउनुहुन्छ । यसैबाट प्रष्ट हुन्छ कि हरेक साधनको स्रोत उसैभित्र हुन्छ ।

*-रातोपाटी डटकम*

बाल कथा — पेशल आचार्य

# किस्ताको कम्प्युटर

गाउँघरमा जताततै कम्प्युटर किन्ने एक प्रकारको फेसनै जस्तो भएको थियो । हुनेखानेले त असल जातकै ब्राण्डेड कम्प्युटर किन्थे । सक नभएकाहरू चाहिँ छिमेकीका घरमा ल्याएको कम्प्युटर हेरी चित्त बुझाउँथे । लिपिका घरमा ऊ र उसका भाइहरू पनि बाआमालाई कम्प्युटर किनिदिनु भनी करकर गर्न थालेका थिए । निकै वर्षदेखि थातिरहेको थियो उनीहरूको कम्प्युटर सिक्ने रहर । स्कूलमा कक्षा ९ बाट कम्प्युटरको कक्षा सुरू भएको थियो । लिपि यसपालि कक्षा ८ मा गएकी थिई । उसको ठूलो भाइ शब्द कक्षा ५मा र सानो भाइ वाक्य चाहिँ कक्षा ३मा पढ्थ्यो । लिपि त्यस घरकी जेठी छोरी थिई । ऊ पढ्न लेख्न धेरै तेज थिई । ऊ आफ्ना भाइबहिनीलाई नजानेको सिकाउँथी ।



*एक दिन विश्वासले सबै भएका बेला एउटा प्रस्ताव राखे- 'अबदेखि तिमीहरूले दसैँ तिहारमा पाएको दक्षिणा र औंशी पूर्णिमामा टीका लाएर लिएको पैसा एकएक जम्मा पारी एक वर्षसम्ममा एउटा कम्प्युटर किन्नु पर्छ है' सबैले स्वीकृतिको सूचक टाउको हल्लाए । बाआमाले पनि महिनाको पाँच सय रुपैयाँ स्थानीय बचत संस्थामा जम्मा गरिदिने मेलो गरेका थिए । कम्प्युटर किन्ने रहर त्यसघरमा पलाउँदै गएको थियो । केटाकेटीहरू पनि थुकतेल गरेर आफ्नो पेवापाते जम्मा गर्ने गर्थे । समय बित्दै गयो । लगभग तीन वर्षको प्रतीक्षापछि लिपि र उनका भाइहरूको रहर पूरा भयो । बाले काठमाडौंबाट एउटा राम्रो मोडलको कम्प्युटर किनेर घरमा ल्याइदिए ।*

उसले विद्यालयमा कहिले पनि दोस्रो हुनु परेन । मेधावी लिपिलाई कम्प्युटर विज्ञान लिएर पढ्ने खूब धोको थियो । ऊ आघौंसाल कम्प्युटर विषय रोज्ने विचारमा थिई । शब्द र वाक्य पनि दिदीको परिश्रम र लगनशीलताले गर्दा धेरै मन लगाएर पढ्थे । आफ्ना तीनवटै केटाकेटीहरू यसरी पढाइलेखाइमा दत्तचित्त भएको देख्दा बाआमा दुवै हर्षित थिए । उनीहरू पनि छोराछोरीलाई कम्प्युटर नकिन्ने नै त भनिहालेका थिएनन् तर उनीहरूसँग एकै चोटी त्यत्रो तीसचालीस हजार एकमुष्ठ रुपैयाँ निकाल्ने साबगास थिएन । बूढाबूढीमात्रै हुँदा उनीहरू कुरा गर्थे-'छोराछोरीहरूलाई योग्य र शिक्षित बनाउँने दायित्व हामी बाआमाको भएकाले अर्को साल त थुकतेल गरेरै भए पनि एउटा कम्प्युटर किन्नै पर्छ ।' लिपिका बाबु विश्वास सानोतिनो सरकारी जागिरे थिए । उनको कमाइले घर चलाउन धौधौ थियो । त्यसैले लिपिकी आमाले बजारमा एउटा सानो लुगा सिलाउने पसल चलाएकी थिइन् । जमाना काम गरेर खाने खालको आएको थियो । पुरानो जात अनुसारको पेसा हुन्छ भन्ने मान्यता अब समाजबाट क्रमशः हट्दै जान थालेको थियो । मानिसहरू आफूखुसी पेसाको चयन गर्थे । त्यसैले लिपिकी आमाको कामलाई पनि त्यस समाजका मानिसले राम्रो दृष्टिले हेरेका थिए । 'मानिसको दुई जात, कामको एउटै जात'- विश्वास छोराछोरीहरूलाई सम्झाउँदै कहिलेकाहीँ प्रसङ्ग मिलाएर भन्ने गर्थे । आमाको नाउँ आस्था थियो । आस्था र विश्वास आफ्नो सबै सुखदुःखका कामहरू आफैँ बाँडेर गर्ने गर्थे । छोराछोरीले पनि उनीहरूलाई घर व्यवहारमा राम्रै सघाएका थिए । एक दिन विश्वासले सबै भएका बेला एउटा प्रस्ताव राखे- 'अबदेखि तिमीहरूले दसैँ तिहारमा पाएको दक्षिणा र औंशी पूर्णिमामा टीका लाएर लिएको पैसा एकएक जम्मा पारी एक वर्षसम्ममा एउटा कम्प्युटर किन्नु पर्छ है' सबैले स्वीकृतिको सूचक टाउको हल्लाए । बाआमाले पनि महिनाको पाँच सय रुपैयाँ स्थानीय बचत संस्थामा जम्मा गरिदिने मेलो गरेका थिए । कम्प्युटर किन्ने रहर त्यसघरमा पलाउँदै गएको थियो । केटाकेटीहरू पनि थुकतेल गरेर आफ्नो पेवापाते जम्मा गर्ने गर्थे । समय बित्दै गयो । लगभग तीन वर्षको प्रतीक्षापछि लिपि र उनका भाइहरूको रहर पूरा भयो । बाले काठमाडौंबाट एउटा राम्रो मोडलको कम्प्युटर किनेर घरमा ल्याइदिए । वाक्यले त्यस दिन कम्प्युटर हेरेरै दिन बितायो । उसले हर्कले राम्ररी खाना पनि खाएन । लिपि र ठूलो भाइ शब्दचाहिँ अब स्टिन बनाएर कम्प्युटरमा विभिन्न किसिमका सीप सिक्ने र चित्रहरू बनाउँने गर्थे । यसबीचमा लिपि हाइस्कूलको शिक्षा पूरा गरी स्थानीय क्याम्पसमा कक्षा एघारमा पढ्न थाली । भाइहरू शब्द र वाक्य भने क्रमशः कक्षा ८ र कक्षा ६ मा पुगे । 'थोपा थोपा मिलेर नै नदी बन्ने गर्छ'- आमा आस्था भन्ने गर्थीन् । केटाकेटीको लगानी भएको कम्प्युटर भएकाले उनीहरूले नै त्यसलाई खोल्ने चलाउने नियम बनाएका थिए । बाआमा त हप्ताको एक दिन शनिबार मात्रै यसो के रहेछ भनी कम्प्युटरमा बस्ने गर्थे । छुरा भएका थिए- लिपि र वाक्यहरू कम्प्युटर प्रयोगमा । विद्यालयमा पनि सैद्धान्तिक ज्ञान दिइने भएकाले शब्द र वाक्यहरू खुरूरूरू कम्प्युटरमा टाइप गर्थे । उनीहरू चेम्पेन भएका थिए । आमा पनि आफ्नो सिलाइको केही काम भए कम्प्युटर मै गर्थीन् । बा पनि अफिसको फाट्टफुट्ट केही काम पाए कि घरमै ल्याउँथे । यसरी त्यो किस्ताको कम्प्युटर त्यस घरमा सबैलाई आफ्नो खनखाँचो काम टार्ने माध्यम बनेको थियो । 'हाम्रा साथीहरू त सुरूसुरूमा कम्प्युटरमा बस्दा हातका औंला कमाउँथे ।' वाक्य दिदी लिपिलाई भन्थ्यो । लिपि पनि उसलाई सम्झाउँथी- 'बानी नपरुन्जेल त्यस्तै हो पछि आफैँ ठिक हुन्छ । कम्प्युटरमा काम गर्न जानेपछि हातले कुनै पनि कामै गर्नै मन लाग्दैन ।' अलि समयको अन्तरालमा उनीहरूका घरमा टेलिफोन पनि जडान गरियो । त्यसपछि उनीहरूले इमेल र इन्टरनेट जोडे । पढाइलेखाइका सबै खाले कामहरू उनीहरू कम्प्युटर मै गर्ने गर्थे । त्यसको ठिक दुई वर्षपछि लिपिकी एउटी साथी विद्यार्थी भिसा पाएर अमेरिका पढ्न गई । लिपिले उसको इमेल ठेगाना राखेकी थिई । ऊ आफ्नी साथीलाई बेलाबेलामा अमेरिका इमेलमा खबर गरिरहन्थी । 'प्लस् टु' पास गरेर लिपि स्थानीय कम्प्युटर सिकाउने संस्थामा काम गर्न थालेकी थिई । उसका भाइहरू पनि अब कलेज पढ्ने भैसकेका थिए । एक दिन लिपि खुसी हुँदै घर आई । खुसीको विषय पछि थाहा भयो उसलाई अमेरिका गएकी उसकी साथीले कलेजको लागि भर्ना हुन सजिलो हुने 'आई.ट्वान्टी' पठाइ दिएकि रहिछ । उसले बा आमासँग राम्रो विषय पढ्न जान पाइने हो रहेछ भने अमेरिका जानु पर्ला भनी प्रस्ताव राखी । आमाबाले चाहिँ छोरी मान्छे त्यति टाढा किन जाने ? नजानू, भनी मान्नुभएको थिएन तर भाइहरूले दिदी गएपछि आफूहरूलाई पनि सजिलो हुने भएकाले जिद्दी धेरै गरे । अन्तमा आमाबाको केही लागेन । लिपिले पत्राचार गर्दै रही । त्यही सालको मंसिरमा उसले बोस्टन विश्वविद्यालयमा कम्प्युटर विज्ञानमा नाम निकाली । तुरुन्तै भिसा मिल्यो । ऊ जाने निश्चयमा पुगी । तयारी हुन थाल्यो । बाले सञ्चयकोषबाट ऋण सापटी लिएर लिपिलाई अमेरिका पढ्न पठाए । निधारमा रातो टीका लगाएर विमानस्थलसम्म पुऱ्याउन सबै जहानै गए । तोकिएको समयमा प्लेन उड्यो । लिपिका बा आमाका आँखा रसाए । आमा आस्थाले चाहिँ मातृवात्सल्यता देखाउँदै सारीको सप्कोले आँसु पुछिन् । भाइहरूको मन पनि गह्रौं भएर आयो तर बा विश्वास भने छोरीको सफलतामा गद्‌गद् थिए । एकएक रुपैयाँ जम्मा गरेर किनेको किस्ताको कम्प्युटरले गर्दा आज लिपि संसारकै प्रसिद्ध कलेजमा कम्प्युटर साइन्समा डिप्लोमा गर्न अमेरिका उडी । 'असल चिजमा हालेको धनले भाग्य सपार्दो रहेछ'- विश्वासमा यसरी एउटा दह्रो विश्वासको वीजाङ्कुरण भयो ।

*-मझेरी डटकम*

# संसद्मा एमालेको अवरोध कायमै



**पाल्पा,** साउन २४/प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले संसद अवरोध गर्दै आएको छ । सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नैपर्ने अडान राख्दै एमालेले संसद् बैठक अवरोध गर्दै आएको हो ।

साउन १० यता लगातार संसद अवरुद्ध गर्दै आएको एमालेले बुधबार पनि प्रतिनिधिसभाको बैठक अवरुद्ध गरेको छ । बैठकमा एमालेका सांसद सूर्य थापाले तस्करीको संरक्षण गर्ने गरी गृहमन्त्रीको जवाफ आएको बताएपछि एमाले सांसदहरू वेल घेर्न पुगेका थिए । सभामुख देवराज घिमिरेले संसद्को कार्यसूची अगाडि बढाउनका लागि सहयोग गर्न पटक -पटक आग्रह गरे पनि एमालेको अवरोध कायमै रहेपछि उनले प्रतिनिधिसभा बैठक साउन २६ सम्मका लागि स्थगित गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सुन तस्करीको छानबिन राज्यका नियमित संयन्त्रहरूले गर्नुपर्ने र उनीहरूलाई विश्वास गर्न उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संसद्मा आग्रह गरेका थिए । सीआईबीले छानबिन गरी मुद्दा अगाडि बढाएपछि त्यसमा चित्त नबुझेमा थप अनुसन्धान तथा छानबिनका लागि सरकार तयार रहेको उनको भनाइ थियो । मंगलबार पनि एमालेले संसद अवरुद्ध गरेको थियो ।

**राष्ट्रिय सभा बैठकमा पनि अवरोध**

यस्तै एमालेले बुधबारको राष्ट्रिय सभाको बैठक पनि अवरुद्ध गरेको छ । एमालेका सांसदहरूले राष्ट्रिय सभाको बैठकको कार्यसूचीमा प्रवेश गर्ने क्रममा सिटबाट उभिएर अवरुद्ध गरेका हुन् । राष्ट्रिय सभामा सांसदहरू सिटबाट उभिएपछि कार्यसूची अगाडि नबढाउने अभ्यास छ । राष्ट्रिय सभाको बैठक साउन २६ गते शुक्रबारसम्मका लागि स्थगित गरिएको छ । साउन २ मा राजश्व विभागले क्विन्टल सुन बरामद गरेको विषयमा उच्चस्तरीय छानबिन समिति माग गर्दै एमालेले संसद् अवरोध गर्दै आएको छ । उसले प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठकहरू साउन १० यता चल्न दिएको छैन । यतिबेला सत्तापक्ष र प्रतिपक्ष दलका नेताहरू आरोप प्रत्यारोपमै उत्रिएका छन् । सरकारले राजस्व अनुसन्धान विभाग र प्रहरीले सुन तस्करीको छानबिन नियमित रूपमा गरिरहेकाले त्यसबाहेकको संयन्त्र गठन गर्न आवश्यक नरहेको बताउँदै आएको छ । एमालेले प्रधानमन्त्री र मन्त्री नै सुन तस्करीमा संलग्न रहेको आशंका आफूलाई रहेको दाबी गर्दै आएको छ । सत्तापक्षका नेताहरुले भने सुन तस्करीमा राजस्व अनुसन्धान विभाग र प्रहरीले गरिरहेको अनुसन्धानलाई प्रभावित पार्न एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरी संसद् अवरुद्ध गरिरहेको बताएका छन् ।

# औषधि सेवनबाट गर्भपतन...

...त्यस्तै, भिरकोटमा एक सय आठ, चापकोटमा ८२ र गल्याङ नगरपालिकामा २८ जनाले औषधि सेवन गरेर गर्भपतन गराएका प्रमुख शर्माले जानकारी दिइन् । औषधि खुवाएर गराइने गर्भपतन सेवा, सुरक्षित, सजिलो र कम जोखिम हुने भएकाले यस पद्धतिको प्रयोगकर्ता बढ्दै गएको उनले बताइन् । उनले उपकरण प्रयोग गर्नुपर्ने प्रकृतिका महिला गर्भपतन गर्न निकै कम आउने भएकाले पनि औषधि सेवन गर्नेको संख्या बढी देखिएको दाबी गरे । 'निजी स्वास्थ्य संस्थामा गएर गर्भपतन गराउनेको विवरण हामीले समेटेका छैनौँ', प्रमुख शर्माले भनिन्, 'निजी स्वास्थ्य संस्था र अवैधानिकरुपमा गर्भपतन गराउनेको संख्या जोड्ने हो भने जिल्लामा गर्भपतन गराउनेको संख्या डर लाग्दो छ ।' उनले असुरक्षित यौन सम्पर्क र गर्भपतनलाई न्यूनीकरण गर्न जिल्लाका विभिन्न स्वास्थ्य संस्थामार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताएन् । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

# मनोज तिवारीले लिए सन्यास फिर्ता



**काठमाडौं,** साउन २४/भारतीय ब्याटर मनोज तिवारीले सन्यासको घोषणा लिएको पाँच दिन पश्चात आफ्नो निर्णय फिर्ता लिएका छन् । उनले सन्यासको घोषणाबाट एक वर्ष पछि सारेर बंगालको टिमबाट खेल्ने भएका हुन् ।

तिवारीले निकै भावुक स्वभावको भएका कारण आफूले यस्तो गरेको बताए । ईएसपीएन क्रिकइन्फोका अनुसार उनले मंगलबार पत्रकार सम्मेलन गर्दै आफ्नो घोषणाबारे पुर्नविचार गर्दै एक वर्ष रणजी ट्रफीमा बंगालबाट खेल्ने बताएका हुन् । उनले भने, 'मलाई राज (गांगुली)ले एक वर्ष रणजी ट्रफी खेल्न मनाउनु भयो । मैले यो कुरा घरमा श्रीमतीलाई पनि सुनाएँ, उनी पनि यो कुरामा सहमत भइन् । पछिल्लो वर्ष बंगालले मेरो कप्तानीमा रणजी ट्रफीको फाइनल प्रवेश गरेको थियो ।' उनले समर्थकहरुको पनि धेरै म्यासेज आएको र उनीहरुले सन्यासबारे पुनर्विचार गर्न भनेको उनले बताएका थिए । 'शुभचिन्तकहरुले पनि मलाई म्यासेज गरेर पुनर्विचार गर्न भने ।' उनले एक वर्ष रणजी ट्रफी खेलेर मैदानबाट नै सन्यास लिनेबारे सोचेको बताए । उनले सन्यासको घोषणाको पछाडि केही ठोस कारण नभएको र त्यो बेला उनी अलमल्ल रहेको बताए । 'म त्यति बेला निकै अलमल थिएँ', तिवारीले आफू निकै भावुक भएका कारण आफूले केही नसोची सन्यासको घोषणा गरेको बताए । 'मानिसले कहिले कहीँ गल्ती गर्छ मैंले पनि त्यहि गरेँ, पछि पुनर्विचार गरेर मैले सन्यासबाट एक वर्ष पछि हटेको हुँ', उनले भने, 'बंगाल क्रिकेटले मलाई सबैथोक दिएको छ । त्यसैले मैले पनि बंगाललाई एक वर्ष दिने निर्णय गरें । अर्को वर्ष सन्यासको घोषणा पछि भने म पुन फर्किन्न । म थोरै स्वार्थी भएको थिएँ । मैले केही दिनमा महसुस गरें कि यो सामुहिक निर्णय होइन ।' उनले २०२३-२४ को सिजनमात्रै खेल्ने निश्चित गरेका हुन् । उनले १४१ फस्ट क्लास क्रिकेट खेलेका छन् । जसमा उनी ९२ रनले मात्रै १० हजार रन बनाउनबाट पछि छन् । उनले २९ शतक र ४५ अर्धशतक बनाएका छन् । अन्तर्राष्ट्रिय खेलमा उनले १२ एकदिवसीय खेलेका छन् भने टी-२० अन्तर्राष्ट्रियमा उनले २००८ देखि २०१५ सम्म खेलेका थिए ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# निरन्तर ओरालो लागेको नेप्से चौथो दिन बढ्यो



**पाल्पा,** साउन २४/यो साता कारोबारको लगातार तीन दिनसम्म ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा चौथो दिन बुधबार भने उच्च अंकले बढेको छ । पहिलो, दोस्रो र तेस्रो दिन बढ्न नसकेको नेप्से चौथौं दिन ४१ दशमलव ०६ अंकले बढेको हो ।

उच्च अंकले वृद्धि भएसँगै नेप्से दुई हजार ६० दशमलव ९१ बिन्दुमा कायम भएको छ । उक्त समयमा दुई सय ६५ कम्पनीको ५० लाख १० हजार सात सय १८ कित्ता शेयर ७७ हजार पाँच सय एक पटक खरिदबिक्री हुँदा एक अर्ब ८८ करोड ८३ लाख २६ हजार चार सय ६९ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड शून्य दशमलव ०६ अंकले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह तीन सय ४६ दशमलव ७४ र निर्जीवन बीमा समूह तीन सय १० दशमलव ५२ अंकले बढेको छ । बैंकिङ समूह १२ दशमलव १९, विकास बैंक ९४ दशमलव ८५, वित्त ५८ दशमलव ६४, होटल तथा पर्यटन एक सय ८८ दशमलव ५०, जलविद्युत ६२ दशमलव ४१ र लगानी समूह एक दशमलव २२ अंकले बढेको छ । त्यसैगरी उत्पादन तथा प्रशोधन समूह ८५ दशमलव ८७, लघुवित्त ५२ दशमलव २३, व्यापार एक सय दशमलव ७६ र अन्य समूह ४४ दशमलव २७ अंकले बढेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आइएमई लाइफ इन्सुरेन्स कम्पनी लिमिटेडको १५ करोड ५० लाख २६ हजार दुई सय दुई बराबरको दुई लाख ६६ हजार आठ सय १८ कित्ता शेयर किनबेच भएको छ । हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ८३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सेन्चुरी डिभेन्चर-२०८८ को शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।


## बाढीपहिरोबाट जोगिऔं

***जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :***

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

***बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई